आज मिती २०७६ साल जेष्ठ महिनाको ०२ गतेका दिन हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महम्द हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि वहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

**छलफल लागी पेश भएका प्रस्तावहरु**

१. सेन्टरको नामाकरण सम्वन्धमा ।

२. बर्थिंग सेन्टरको जग्गा रजिष्ट्रेसनको लागि अख्तियारी दिने सम्वन्धमा ।

३. कानुनी सल्लाहकार नियुक्ती सम्वन्धमा ।

४. सडक स्तरोन्नती तथा मर्मत सम्भार सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको बर्थिंग सेन्टरको नामाकरण सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ पिडारीको स्वास्थ्य चौंकी तथा बर्थिंग सेन्टर संचालन गर्नको लागि नेपाल सरकारलाई हरिपुर नगरपालिका वडा नं. ९ पिडारी बस्ने मुखि रायको छोरा शुभकरण रायले जिल्ला सर्लाही हरिपुर नगरपालिका साविक गा.वि.स. पिडारी वडा नं. ६ कि.नं. ६२७ को क्षेत्रफल १३ कठ्ठा ७ धुर ८ कानमा मध्येबाट पश्चिम दक्षिण बाट ५ कठ्ठा १७ धुर र सोही व्यक्तिको नाममा रहेको वडा नं. ६ कि.नं. ६०१ को १ कठ्ठा ३ धुर सम्पुर्ण किता समेत गरी जम्मा ०-७-० कठ्ठा जग्गा दान गरी दिएको हुँदा निजको सम्मान स्वरुप उक्त स्वास्थ्य चौकीको नाम अव उप्रान्त **श्री शुभकरण राय स्वास्थ्य चौंकी तथा बर्थिंग सेन्टर हरिपुर-९ पिडारी** नामाकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको **श्री शुभकरण राय स्वास्थ्य चौंकी तथा बर्थिंग सेन्टर हरिपुर-९ पिडारीको लागि** जग्गा रजिष्ट्रेसन गर्ने अख्तियारी दिने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकालाई हरिपुर ९, पिडारी बस्ने मुखि रायको छोरा शुभकरण रायले जिल्ला सर्लाही हरिपुर नगरपालिका साविक गा.वि.स. पिडारी वडा नं. ६ कि.नं. ६२७ को क्षेत्रफल १३ कठ्ठा ७ धुर ८ कानमा मध्येबाट पश्चिम दक्षिण बाट ५ कठ्ठा १७ धुर र सोही व्यक्तिको नाममा रहेको वडा नं. ६ कि.नं. ६०१ को १ कठ्ठा ३ धुर सम्पुर्ण किता समेत गरी जम्मा ०-७-० कठ्ठा जग्गा दान गरेको हुँदा उक्त जग्गा हरिपुर नगरपालिकाको नाममा रजिष्ट्रेसन गरी ल्याउनको लागि यसै कार्यालयका ना.सु. रामदेव चौधरीलाई अख्तियारी दिई कार्यालयको प्रतिनीधि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको कानुनी सल्लाहकार नियुक्ती सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको लागि हरिपुर नगरपालिका वडा नं. ९ बस्ने अभिवक्ता चन्देश्वर साहलाई कानुनी सल्लाहकारमा राख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सडक स्तरोन्नती तथा मर्मत सम्भार सम्बन्धि प्रस्तावमा छलफल गर्दा यस वार्षिक नगरसभाको पाना नं. २५ क्र.सं. १० मा उल्लेखित सडक पिच चक्रपथ जोडने सडक हरुमा राखिएको बजेट रकम आवश्यक स्थानहरुमा लागत अनुमान बमोजिम टुक्रयाई नगर स्तरिय सडक मर्मत संभार उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गर्ने निर्णय गरियो ।